# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १८, अंक ९, २०८२ जेठ १-१५ | Vol. 18, No. 9, May 16-31, 2025


## सुनिलको लोभलाग्दो व्यवसायिक उडान
# ठमेलदेखि शिबुयासम्म


सुनिलकुमार शाक्य

❑ नेस डेस्क

टोकियो – मान्छेको जीवनयात्रा राजमार्ग जस्तै सीधा र सरल रेखामा बग्दो रहेनछ। आर्कीटेक्चर इञ्जिनियर बनेर बाबुआमाको सपना पूरा गर्न उच्च शिक्षा अध्ययन गर्दै गरेको एक युवाको जीवनले तब नयाँ मोड लिन्छ जब एकाएक अध्ययन छोडेर विश्वका थुप्रै भाषा सिकेर वर्ल्ड गिनिजबुकमा रेकर्ड राख्ने नयाँ सोचले जन्म लिन्छ। इञ्जिनियरिङ पढ्न सोभियत संघ जानुपर्ने तात्कालिन अवस्थामा नेपालमा ३ वर्षे ओभरसियरसम्मको मात्रै पढाई हुन्थ्यो। इञ्जिनियरिङका लागि सोभियत संघ पढ्न जाने योजनालाई बीचैमा थाँती राख्दै उक्त समयावधिमा भाषा पढेर कम समयमै सयौं देशका भाषा सिकेर गिनिज बुकमा रेकर्ड राख्न सकिन्छ भन्ने नयाँ सोंचको परिणाम आज उनी जापानजस्तो मुलुकमा स्थापित र सफल व्यवसायीमा दरिएका छन्। बाबुआमाको भावनामा ठेस् नपुगोस् भनेर कलेज जान छोडेको थाहै नदिई भाषा पढ्न सुरु गरेका उनी सानैदेखि व्यापारमा गहिरो लगाव राख्थे। जसअनुसार उनी भाषा पढाईसंगै आफ्नो दाजुको थान्का पसलमा समेत काम गर्थे। त्यहाँ उनले थुप्रै स्वदेशी तथा विदेशी पाहुनाहरूसंग राम्रो नेटवर्क बनाएका थिए। यसै क्रममा भेटिएकी एक जापानी युवतीसंग उनी प्रेममा परेका थिए। विदेशी भाषाप्रतिको उनको मोह र लगावको परिणमस्वरूप उनले एकैचोटी जापानी, फ्रेञ्च र स्पेन भाषामा ग्र्यायजुयशन गरेलगत्तै जब उनले टुर गाईडको लाइसेन्स पाए, तब उनलाई काम र कमाईले भ्याई-नभ्याई बनायो। उनी हुन् काठमाडौंको ज्याबहालमा जन्मिएका, हनुमानढोका र ठमेलमा कर्मभूमि बनाएका सुनिलकुमार शाक्य। शाक्यको जीवन यात्रा, जापान अनुभव र व्यवसायिक उडान बडो रोचक मात्रै छैन लोभलाग्दो पनि छ। जापान आउनुपूर्व नेपालमा छँदै उनले आफ्नै कमाई र साथीभाइको सहयोगमा काठमाडौंको ठमेलमा घर किनेका थिए, त्यतिबेला उनी मात्र २२ वर्षको थिए। कलिलो उमेरमै उनी थान्का व्यापार गर्न बैंकक, सिंगापुर र जापान आउजाउ गरिरहन्थे। उता जापानी युवतीसंगको प्रेम झाँगिदैं थियो, उनीहरू वैवाहिक जीवनमा बाँधिन चाहन्थे तर उनका »» बाँकी पृष्ठ ८ मा

# पहिले यात्रुले जहाज कुर्थे अहिले जहाजले यात्रु कुर्छन्

❑ नेस डेस्क

काठमाडौं – वर्षौंदेखि अत्यधिक चापमा रहेको नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको विकल्पका रूपमा पोखरा र भैरहवालाई लिइएको थियो। तर यी दुवै विमानस्थल अपेक्षित रूपमा सञ्चालन हुनै सकेका छैनन्। अर्कातिर नेपालले १२ वर्षदेखि युरोपियन युनियनको आकाशमा उडान प्रतिबन्ध झेलिरहेको छ। नेपाली आकाश अझै सुरक्षित साबित हुन सकेको छैन र नियामक संस्था नेपाल नागरिक उड्ड्यन प्राधिकरणले पनि हवाई सुरक्षामा उल्लेखनीय प्रगति देखाउन सकेको छैन। बरू प्राधिकरण र यसको नेतृत्व बारम्बार विवादमा आउने गरेको छ। नेपालको उड्ड्यन क्षेत्रको सुरक्षा र विस्तारमा के प्रगति भइरहेको छ ? यिनै विषयमा केन्द्रित रहेर प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः-


प्रदीप अधिकारी
महानिर्देशक
नेपाल नागरिक उड्ड्यन प्राधिकरण

**तपाई महानिर्देशकमा नियुक्त भएको तीन वर्ष पूरा भएको छ, तर यो तीन वर्षमा कामभन्दा विवादका कुरा धेरै सुनिए नि ?**

यो संस्थामा राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व छ। संस्थाले नियमनकारी भूमिका पनि गर्छ र नेपालभित्र भएका विमानस्थलको निर्माण, मर्मत र सञ्चालन गर्छ। स्वदेशी, विदेशी धेरै स्टेकहोल्डरहरू हुनुहुन्छ यसमा। यो क्षेत्र चल्ने भनेको चाहिँ ऐन, नियमावली, त्यो बमोजिमका निर्देशिकाहरू, सर्कुलरहरू र कार्यकारी निर्णयहरूले हो। यसले एउटा निर्णयले पनि धेरै मान्छेहरू प्रभावित हुन्छन्। त्यसकारणले चाहिँ निर्णय गर्दाखेरि त्यो निर्णय कस्तो हो ? भन्ने कुरामा बहस हुनु स्वाभाविकै हो। मैले गरेको निर्णय चाहिँ कानूनसम्मत छ। तीन वर्ष भयो, म पछि हट्नुपरेको छैन।

**भनेपछि मन्त्रीहरुले चाहिँ कानूनभन्दा बाहिर गएर निर्णय गर्ने प्रयास गर्नुभयो ?**

सँधैं त्यस्तो हुँदैन। कहिलेकाहीँ त्यो विषयवस्तुलाई लिने तौरतरिका चाहिँ फरक हुनसक्छ। यो प्राविधिक कुराहरू धेरै भएको संस्था हो। ९० प्रतिशतभन्दा बढि डिसिजन टेक्निकल डिसिजनहरू छन्। यो कुराहरू बुझ्न-बुझाउन समय लाग्छ। »» बाँकी पृष्ठ ७ मा













## सम्पादकीय

# जापानमा रोजगारीको अवसर राज्यको अलमल

रोजगारीका लागि आकर्षक गन्तब्य मानिने जापानले नेपाली श्रमिकलाई स्वागत गर्न आतुर छ र त्यसका लागि आफ्नो तर्फबाट सबै प्रक्रिया पनि पूरा गरिसकेको अवस्था छ। जापानले नेपाली श्रमिकहरू सरकारी तवरबाटै जापान आऊन् भन्ने चाहना राखेको पाईन्छ। तर जुन देशका नागरिकलाई रोजगारी चाहिएको हो, त्यही देशले भने उक्त विषयलाई त्यति महत्व नदिएको जस्तो देखिन्छ। नेपाल सरकारले संस्थागत रूपमा जापानमा नेपाली पठाउने बाटो खुल्ला गरेको छैन। सरकारले एक सयभन्दा बढी देशमा रोजगारीका लागि नेपालीहरू जान सक्ने गरी संस्थागत अनुमतिको बाटो खुला गरेको भएता पनि जापानका लागि भने संस्थागत बाटो खुल्ला गरेको छैन।

चलनचल्तीको भाषामा भन्नुपर्दा नेपाल सरकारले न त मेनपावर एजेन्सीहरूलाई जापानमा श्रमिक पठाउने अनुमति दिएको अवस्था छ भने न त सरकारी तवरबाटै कुनै संयन्त्र बनाएर यसको जिम्मेवारी सुम्पिएको अवस्था छ। यतिका वर्षसम्म यो विषयमा उपयुक्त व्यवस्थापन नहुँदा नेपालले एउटा आकर्षक रोजगारीको गन्तब्य मुलुकको अवसर उपयोग गर्न सकिरहेको छैन।

संभव भएसम्म युवाहरूलाई देशभित्रै रोजगारीको व्यवस्थापन गर्नु राज्यको दायित्व हो। रोजगारीको हक संविधान प्रदत्त मौलिक हक पनि हो। तर देशभित्रै अझै यो संभव नहुँदा वैदेशिक रोजगारी नेपाली युवाको बाध्यता हो। खाडीमै भएपनि युवाहरू पठाइरहेको देश नेपालका लागि जापानजस्तो मुलुकमा प्राप्त रोजगारीको अवसरलाई अपेक्षित उपयोग गर्न नसक्नु दुखद पक्ष हो। त्यसो भएको हुनाले नेपाल सरकारले एउटा सुस्पष्ट मापदण्ड बनाई विधि प्रक्रिया पुऱ्याएर जापानमा नेपाली श्रमिक पठाउन बेलैमा एउटा प्रभावकारी च्यानल तयार गर्नुपर्दछ। यो काम गर्न धेरै ढिला भईसकेको छ अझै ढिला गर्दै जाने हो भने यो अवसर नेपालको हातबाट गुम्न पनि सक्छ।

सन् २०१९ को अप्रिल महिनादेखि जापान सरकारले थप गरेको एसएसडब्लु भिसा क्याटगोरीमा विदेशी श्रमिकहरू जापान भित्र्याउने नीतिअनुसार अन्य मुलुकहरूले यसको भरपुर उपयोग गरिरहँदा नेपालले भने अपेक्षित लाभ लिन सकिरहेको छैन। उसो त एसएसडब्लु अन्तर्गत जापानले थप कार्यक्षेत्र बिस्तार गर्ने भएको छ। यो अर्को खुशीको विषय भएता पनि अझै नेपाली युवाहरू मलेसिया तथा खाडी राष्ट्रहरूमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य छन्। जापान सरकारले दिएको आकर्षक रोजगारीको अवसर उपयोग हुन सकिरहेको छैन। आफ्ना नागरिकहरूका लागि हित हुने विषयमा राज्यले उपयुक्त समयमा उपयुक्त कदम चाल्न ढिला गर्नुहुँदैन।

चर्को कामदार अभाव खेपिरहेको जापानको श्रम बजारमा नेपाली श्रमिकहरूको सहज पहुँच हुने वातावरण निर्माण गर्ने दायित्व नेपाल सरकारको हो। अन्यथा कुनै न कुनै क्षिद्रहरूको उपयोग गर्दै मध्यस्थकर्ताहरूले आफ्नो भूमिका सक्रिय बनाउन सक्ने संभावना रहन्छ। त्यसो भएको हुनाले नेपाल सरकारले जापानको रोजगारीको अवसरलाई गुम्न नदिन प्रभावकारी संयन्त्र निर्माण गरी अगाडि बढ्न जरूरी छ। श्रमिक पठाउने सन्दर्भमा रोजगारदाता राष्ट्र जापानलाई विश्वस्त बनाउँदै कुनै पनि अनिमियतता नहुने गरी आफ्ना नागरिक लाभान्वित हुने विषयलाई केन्द्रमा राखी नेपाल सरकारले श्रमनीति अवलम्बन गर्नुपर्दछ। यो अवसरलाई अब राज्यले त्यति हलुकारूपमा लिईनु हुँदैन। संभवभएसम्म नेपाल सरकारले आफ्नै संयन्त्रबाट विधि र प्रक्रिया पुऱ्याएर जापानको रोजगारीको ढोका खोल्नुपर्छ नभए मापदण्ड पुगेका वैदेशिक रोजगार व्यवसायका च्यानलहरूलाई मार्ग प्रशस्त गरिदिनुपर्छ। अवसरलाई गुम्नबाट बचाउन राज्य चुक्नुहुँदैन।

जापानमा रोजगारी मात्रै छैन। एकजना नेपाली जापान टेकेकै दिनदेखि उसले जापानको लोभलाग्दो सँस्कार र सँस्कृति पनि देख्छ, सिक्छ। यहाँको सरसफाई, श्रमप्रतिको सम्मान, इमान्दारिता, मिहिनेत र समयको महत्व अनि अनुशासन पनि देख्छ, भोग्छ र थोरबहुत सिक्छ पनि। यो उसको जीवनको अर्को सबैभन्दा ठूलो कमाई हुन सक्छ। केही वर्षको मिहिनेतपछि उसले जापानमा अन्य थप अवसरहरू पनि देख्नसक्छ र त्यसबाट लाभ लिन पनि सक्छ। राज्यको अलमल र अन्यौलताले आफ्ना नागरिकलाई अवसरबाट वञ्चित हुन दिनुहुँदैन।




# नेपाल-जापान सम्बन्ध र उच्चस्तरिय भ्रमण

राष्ट्रहरूबीचको पारस्परिक सम्बन्ध विकासका लागि उनिहरूले एक-अर्कामा कूटनीतिक सम्बन्ध स्थापना गरेका हुन्छन्। राष्ट्र ठूलो होस वा सानो, कूटनीतिक सम्बन्ध स्थापना हुनसक्छ। विश्वको सबभन्दा सानो राष्ट्र हो, होली सी। यसको क्षेत्रफल जम्मा शून्य दशमलव ९७ वर्ग किलोमिटर मात्र छ। यो एउटा अजंगको पर्खाल भित्र छ। सबभन्दा गजबको कुरा त यो रोम सहर भित्र नै छ। होली सी (भ्याटिकन बोलिने भाषामा) ले विश्वको सबैभन्दा ठूलो राष्ट्र रसियन फेडरेशन (कुल क्षेत्रफल १ करोड ७८ लाख वर्गकिमी क्षेत्रफल भएको) संग कूटनीटिक सम्बन्ध स्थापना गरेको छ।

राष्ट्र-राष्ट्रबीचको सम्बन्धलाई थप बढोत्तरी तथा सुदृढ गर्न कूटनीतिज्ञहरूले काम गरिरहेका हुन्छन्। कूटनीतिक पेशामा लवाई, खवाई, बोलाई तथा ज्ञानको अहम महत्व रहन्छ। कूटनीतिको माध्यमबाट नै राष्ट्र-राष्ट्रबीच आउने समस्याहरू तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आउने गहन समस्याहरू समेत सल्टाइएका धेरै उदाहरणहरू पाईन्छ। कूटनीतिमा भ्रमणहरूको आदान प्रदानले पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। सन् १९५६ को १ सेप्टेम्वरका दिन विधिवत रूपमा नेपाल र जापान दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको हो। अर्को वर्ष यो सम्वन्धले ७० वर्षमा प्रवेश गर्दै छ। जापानमा राष्ट्रप्रमुखका रूपमा सम्राट हुनुहुन्छ। तर नेपालमा गत १७ वर्ष अगाडि देखि राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति हुनुहुन्छ। देशमा राजनीतिक नेतृत्वमा परिर्वतन हुँदा पनि राष्ट्र-राष्ट्रबीचको सम्बन्धमा खासै असर गर्दैन। तर अपवादको रूपमा यदाकदा राष्ट्रहरूबीच सम्बन्धमा आँच आएको घटना पनि नभएका होईनन्।

सन् १९८३ मा म्यानमारमा जलमार्ग प्रयोग गरी उत्तर कोरियाका केहि अवाञ्छित व्यक्तिहरूले आक्रमण गरी दक्षिण कोरियाका प्रतिनिधि मण्डलका सदस्यहरूको हत्या गरेका थिए। जसको फलस्वरूप म्यानमारले तुरून्त उत्तर कोरियासंगको आफ्नो सम्बन्धलाई तल झारेको थियो। कूटनीतिक सम्बन्ध भने टुटाएन।

नेपाल तथा जापानबीचको कूटनीतिक सम्बन्ध स्थापना पश्चात् सन् १९६९ देखि जापान सरकारले बिभिन्न रूपमा नेपाललाई सहयोग प्रदान गर्दै आएको हो। जसअनुसार जापानले ऋण, अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ। अब दुई देशबीच हुने गरेका उच्चस्तरिय भ्रमणहरूको कुरा गर्दा हालका सम्राट नारूहितो युवराज हुँदा सन् १९८७ मा नेपाल भ्रमणमा आउनुभएको थियो। भ्रमणमा आउनु अगाडि भलाकुसारी तथा शुभकामना दिनका लागि तत्कालिन राजदूत र म ईम्पोरियल प्यालेसमा पुगेका थियौं। सम्राट अकिहितोले आफ्ना छोरालाई नेपालका तत्कालिन राजा वीरेन्द्र तथा रानी ऐश्वर्यलाई योरोसिकु सुनाईदिनु भनि अह्राउनुभएको थियो। सम्राट अकिहितो तथा साम्राज्ञी मिचिकोले पनि दुई पटक नेपालको औपचारिक भ्रमण गर्नुभएको छ। साथै सम्राट अकिहितोको बहिनी राजकुमारी चिचिबुबाट पनि सन् १९८५ मा नेपालको भ्रमण भएको र अत्यन्तै खुशी भएर फर्कनुभएको रहेछ। जापान फर्केपछि उहाँले जताततै नेपालको प्राकृतिक सौन्दर्यताका बारेमा बयान गर्नुभएको कुरा सुन्नमा आएको थियो।

हालका सम्राट नारूहितोका भाइबुहारी राजकुमार अकिशिनो तथा राजकुमारी किको पनि सन् १९९७ मा नेपाल भ्रमणमा आउनुभएको थियो। त्यसबेला म परराष्ट्र मन्त्रालयमा संयुक्त राष्ट्रसंघ महाशाखामा उपसचिवको रूपमा कार्यरत थिएँ। जापानी भाषा बुझ्न र बोल्न सक्ने भएकोले सचिवले मलाई पनि नेपाली प्रतिनिधिमण्डलमा राख्नुभएको थियो।



## विचार

-मोहनकृष्ण श्रेष्ठ

त्यतिबेलाको एउटा अविस्मरणीय कुरो के भने हाम्रो सिष्टममा ड्रेस कोडलाई कडाईका साथ पालना गरिन्छ। सेतो दौरासुरूवाल, कालो टोपी र कालो जुत्ता लगाई १२ बजे तिरको टन्टलापुर घाममा पहाडको टुप्पोको बाटोमा लठ्ठी टेक्दै सराङकोटको डाँडा चढेको अझै पनि याद आउँछ।

त्यसबखत टोकियोस्थित हाम्रो राजदूताबासमा काम गर्दा एउटा कुरा सँधै खड्कीरहन्थ्यो त्यो के भने हालसम्म जापानका प्रधानमन्त्रीले नेपालको औपचारिक भ्रमण हुन नसकेको कुरो। तर समयले यस्तो सुदिन पनि ल्याईदियो कि, कुरो सन् २००० को हो, तात्कालिन प्रधानमन्त्री योशिरो मोरी हुनुहुन्थ्यो भने केदारभक्त माथेमा जापानका लागि नेपाली राजदूत हुनुहुन्थ्यो। एक दिन बिहान एउटा सनसनीपूर्ण खबर आईपुग्यो। जापानका प्रधानमन्त्री मोरी भारत, पाकिस्तान तथा बंगलादेशको भ्रमणमा जाँदैछन् अरे तर नेपाल भने समावेश छैन। हामीलाई यो खबर करेन्टको झड्का जस्तै लाग्यो। अविलम्ब जापानको परराष्ट्र मन्त्रालयमा गएर कुरा बुझयौं। खबर साँचो रहेछ। अनि हामीले प्रधानमन्त्री मोरीको भ्रमणमा नेपाल पनि समावेश गराईनुपर्दछ भनेर माग राख्यौं। हाम्रो सरकारको तर्फबाट पनि पूरै समर्थन रह्यो। नेपालप्रति सद्भाव राख्ने जापानीहरूले पनि परराष्ट्र मन्त्रालयमा फोन तथा पत्रबाट दबाव सिर्जना गरे। अन्ततोगत्वाः अब नेपालको भ्रमणमा जाने कि नजाने भन्ने कुराको निर्णयका लागि विषय प्रधानमन्त्री मोरीसम्म पुग्यो। अनि उहाँले ८ घण्टाका लागि भएता पनि नेपाल जाने तय गर्नुभएछ। यो सबैका लागि खुशीको खबर थियो।

भ्रमण सम्पन्न हुनुभन्दा अघि एउटा प्राविधिक समस्या आईलाग्यो। त्यो के भने काठमाडौंको विमानस्थलमा बोइङ ७४७ जहाज उत्रन सक्तैन भन्ने कुरो राजदूत माथेमाले मलाई सुनाउनुभयो। मैले उहाँलाई सन् १९८७ को १२ अक्टोबरका दिन एअर क्यानडाको बोइङ ७४७ जहाज यात्रुविहिन भए पनि उत्रिसकेको र त्यसको २ दिन अघि तिब्र गतिमा उड्ने कन्कर्ड विमान समेत उत्रिसकेको सुनाए।

यो कुरा थाहा पाएपछि जापानी पक्षले नयाँ दिल्लीसम्म बोइङ ७४७ मा गएर त्यताबाट अलि सानो हवाई जहाजबाट नेपाल जाने निधो गरिएछ। जुन जहाजबाट आउनु भए पनि हाम्रा लागि जापानका बहालवाला प्रधानमन्त्रीको भ्रमण महत्वपूर्ण थियो। २५ अगष्ट २००० का दिन जापानी प्रधानमन्त्री योशियो मोरी ८ घण्टाका लागि नेपाल भ्रमणमा आउनु भई निकै खुशी भएर फर्कनु भएको थियो। भ्रमणबाट दुई देश बीचको सम्बन्धमा एउटा नयाँ आयाम थपिन पुग्यो। त्यसपछि पनि जापानका बिभिन्न तह-तप्काका मन्त्रीहरूले नेपालको भ्रमण गरिरहेका छन् र यो क्रम निररन्तर चलिरहने छ।

त्यस्तै नेपालबाट पनि राजा महेन्द्र, राजा वीरेन्द्रबाट समय समयमा जापानको भ्रमणहरू सम्पन्न भएकाछन्। सन १९८५ मा राजा वीरेन्द्र तथा रानी ऐश्वर्य अष्ट्रेलियाको भ्रमण सकाई चुकुवा एक्स्पो-१९८५ मा आयोजित 'नेपाल डे' मा सरिक हुन टोकियो आईपुग्नु भएको थियो। त्यतिबेला म जापानी परराष्ट्र मन्त्रालयबाट आयोजित कूटनीतिक कार्यक्रममा अध्ययन गर्दैथिएँ। सन् १९९८ मा तात्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालाले जापानको भ्रमण गर्नुभएको थियो। हामो तर्फबाट पनि बिभिन्न तह र तप्काका धेरै मन्त्री तथा अन्य उच्च पदस्थ अधिकारीहरूले जापानको भ्रमण गरिसकेका छन्। अब त नेपाली ध्वजाबाहक विमान पनि काठमाडौंबाट सीधा नारिता एअरपोर्टसम्म उडान भर्ने भएकोले थप सहज भएको छ।

नेपाल तथा जापानबीच सुमधुर राजनीतिक, कूटनीतिक तथा आर्थिक सम्बन्ध त छँदैछ। यसको अलावा अन्य बिभिन्न अवयवहरूले पनि दुई देशबीचको सम्बन्धमा थप योगदान पुग्ने गरेको छ। जापानमा नेपालको विभिन्न पक्षहरूको अलावा खाना तथा सँस्कृतिले पनि निकै प्रभाव पार्दै आएको छ। भगवान बुध्दको पावन जन्मभूमि लुम्बिनीमा आएर आफ्ना जीवन सफल भएको मान्ने जापानीहरू पनि धेरै छन्।

यो लेख तयार गर्दैगर्दा मलाई सन २००५ को नोवेम्वर ६, ७ तिरको एउटा कुरा याद आयो। यताबाट तत्कालिन युवराज पारस जापानको औपचारिक भ्रमणमा जानुभएको थियो। उहाँको सम्मानमा जापान नेपाल पार्लियामेन्ट्री ग्रुपले दिवाभोजको आयोजना गरेको थियो। सो अवसरमा जापानका नेता तोशिहिरो निकाईले आफ्नो मन्तव्य राख्ने क्रममा भन्नुभएको थियो - 'जापानमा रूलिङ पार्टी र प्रतिपक्षी पार्टीबीच एउटा कुरामा जहिले पनि सहमति हुन्छ, त्यो के हो भने नेपाललाई सहयोग गर्ने कुरा हो।' वाह क्या उदारभावना जापानी नेताहरूको, नेपाल र नेपालीहरूका लागि। हामीले धन्यबाद दियौं। यस्तो उत्कृष्ट वाक्यहरू कहिले पनि भुल्न सकिदैन।

कतिपय युरोपियन देशहरूमा जस्तै जापानमा पनि जनसंख्या घट्नेक्रममा भएकोले आफ्नो उद्योग व्यवसाय, यथावत राख्न जापानलाई कामदारहरूको आवश्यकता बढ्दो छ। यो अवस्था भनेको नेपालीहरूका लागि रोजगारी पाउने अवसर हो। हाल हजारौं नेपालीहरूले जापानमा रोजगारी पाईरहेका छन्। आउने दिनमा अझ धेरैले रोजगारी पाउन सक्छन्। तर नेपालीहरूले सँधै जापानको सामाजिक परिवेश, भाषा, सँस्कृति बुझेर काम गर्नु अति आवश्यक हुन्छ। देशको नाममा आँच आउने काम कसैले पनि गर्नुहुँदैन।

(फ्रान्सका लागि पूर्व नेपाली राजदूत श्रेष्ठले नेपाली राजदूतावास टोकियो जापानमा समेत कार्यवाहक राजदूतको भूमिका निर्वाह गरिसक्नुभएको छ)

# एभरेष्ट स्कुलको चौथो शाखा उद्घाटन




❑ नेस संवाददाता

टोकियो – एभरेष्ट इन्टरनेशनल स्कुल जापानको चौथो शाखा आराकावाको शनिबार एक समारोहकाबीच उद्घाटन भएको छ । समारोहका प्रमुख अतिथि जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुबेदी सहित विशेष अतिथिहरूले सामुहिकरूपमा रिबन काटेर उद्घाटन गरेका हुन् । सो अवसरमा बोल्दै राजदूत सुबेदीले एभरेष्ट स्कुलले चौथो शाखा विस्तार गर्न सफल भएकोमा बधाइ दिदैं विद्यालय विद्याको मन्दिर मात्रै नभएर सबै नेपालीहरूको आस्थाको केन्द्र एवं साझा घर बन्न सकोस् र सगरमाथा जस्तै सर्बोच्च रहीरहोस् भन्ने शुभकामना ब्यक्त गनुभयो । सो अवसरमा जापानको सुगिनामी वार्ड र आराकावा वार्डका उच्चपदस्थ पदाधिकारी, टोकियो महानगरिय प्रहरी कार्यालयका अधिकारी, एनआरएन जापान लगायत नेपाली समाजका अगुवाहरूका साथै अभिभावकहरूको बाक्लो उपस्थिति रहेको थियो । समारोहलाई राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले भर्च्युअल सम्बोधन गर्नुभएको थियो ।

विद्यालयका प्रिन्सिपल बिष्णुप्रसाद भट्टको स्वागत मन्तब्य रहेको सो समारोहमा भाइस प्रिन्सिपल राजेन्द्र तामाङले विद्यालयको पछिल्ला शैक्षिक गतिविधि बारे जानकारी गराउनुभएको थियो । विद्यालय सञ्चालक समितिका अध्यक्ष किरणविक्रम थापाको सभापतित्वमा भएको उद्घाटन समारोहको अन्त्यमा इआइएसजे कम्पनीका कार्यकारी प्रमुख दिपक सुबेदीको धन्यबाद मन्तब्य रहेको थियो । समारोहमा विद्यार्थीहरूले नेपाली सँस्कृतिमा आधारित साँगीतिक प्रस्तुती समेत प्रस्तुत गरेका थिए ।

एभरेष्ट इन्टरनेशनल स्कुलको ओकुबोमा प्रि-स्कुल, आशागायामा कक्षा १ देखि कक्षा ३ सम्म र कक्षा ४ देखि १२ सम्म ओगिकुबोमा पढाई भईरहेको सन्दर्भमा आराकावा क्षेत्रमा रहेको नेपालीहरूको बाक्लो उपस्थितिलाई ध्यानमा राखी चालु शैक्षिक सत्रबाट प्रि-स्कुलदेखि कक्षा ५ सम्मको पढाई सञ्चालन गरिएको विद्यालय व्यवस्थापन पक्षले जनाएको छ ।

# शिनओकुबोमा इन्टरनेशनल फेस्टिवल हुँदै




❑ नेस संवाददाता

टोकियो – अन्य विदेशीका साथै नेपालीहरूको बाक्लो उपस्थिति रहेको शिनओकुबोमा जून १ तारिख आईतबार इन्टरनेशनल फेस्टिवल हुन भएको छ ।

शिनओकुबो-ओकुबो क्षेत्रमा व्यवसायिक गतिविधि गरिरहेका जापानी तथा विदेशीहरूबीच पारस्परिक सम्बन्ध स्थापित गर्ने, सामाजिक तथा साँस्कृतिक विविधता आदान-प्रदान गर्ने र एकअर्काका मूल्य, मान्यता र सँस्कारलाई सम्मान गर्दै मिलेर अगाडि बढ्ने उद्देश्यका साथ गठन भएको इन्टर्नेशनल विजनेश कोअपरेशनले उक्त फेस्टिवलको आयोजना गरेको हो । जापानी, नेपाली, बंगलादेशी, कोरियन, भियतनामी र चिनिया सम्मिलित उक्त संस्थाको आयोजनामा हुने एक दिवसीय फेस्टिवलमा विभिन्न देशका खानाका स्टल, कला र सँस्कृति झल्काउने साँगीतिक कार्यक्रम, वेशभूषा प्रदर्शन र विभिन्न मुलुकको प्रतिनिधित्व गर्ने इन्डोर तथा आउट-डोर गेमहरू हुने छन् भने स-साना नानीबाबुहरूका लागि मनोरञ्जनजन्य गतिविधि पनि रहने छन् ।

बिहान ११ बजेखेखि अपरान्ह ४ बजेसम्म हुने उक्त फेस्टिवलमा स्थानीय जापानीहरूका साथै उक्त क्षेत्रमा व्यवसायिक गतिविधी गरिरहेका विदेशी व्यवसायीहरूको उत्साहकजनक उपस्थिति रहने अपेक्षा गरिएको छ ।

स्थानीय जनसमुदायलाई लक्षित गरी आयोजित उक्त मिनी फेस्टिवलमा करीव २ हजार जना मानिसहरूले अवलोकन गर्ने प्रक्षेपण गरिएको छ ।

# किन बढ्दैछ जापानबाट नेपालीको डिपोर्ट ?

❑ नेस संवाददाता

टोकियो – जापानले आफ्नो अध्यागमन कानून उल्लङ्घन गरेको अभियोगमा अघिल्लो साता थप दुई जना नेपाली नागरिकलाई निष्काशन (डिपोर्ट) गरेको छ । पन्त र थापा थर भएका ती दुई नेपालीलाई क्रमशः थाइ एयरलायन्स र थाइ लायन एयरमार्फत नेपाल फर्काइएको हो ।

स्थानीय प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गर्दा कानून उल्लङ्घन गरेको पाइएपछि उनीहरूलाई कानूनी प्रक्रिया पूरा गरी निष्काशन गरिएको हो । यद्यपि, उनीहरूले कुन-कुन नियम उल्लङ्घन गरेका थिए भन्ने विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन । निष्काशित दुवै नेपाली काठमाडौं पुगिसकेका छन् ।

यो घटनाले पछिल्लो समय जापानले आफ्नो आप्रवासन नीतिमा गरेको कडाइ र अवैध रूपमा बसोबास गर्ने विदेशी नागरिकमाथि बढाएको निगरानीलाई थप पुष्टि गरेको छ । रोजगारी, अध्ययन वा अन्य प्रयोजनका लागि जापान आईपुगेका केही विदेशी आप्रवासीहरू नियम उल्लङ्घनमा संलग्न भएको भन्दै कारबाहीमा पर्ने क्रम बढेको छ, जसको प्रत्यक्ष असर नेपाली समुदायमाथि पनि देखिन थालेको छ । अध्यागमन कानून उल्लङ्घन, अवैधानिक बसोबास, कार्यक्षेत्रमा अनुशासनहीनता, भिसाका सर्तहरूको उल्लङ्घन वा भिसाको म्याद सकिएपछि पनि नवीकरण नगरी बस्नुजस्ता कारणले सयौं नेपालीहरू जापानबाट निष्काशित भइसकेका छन् ।

# थप विदेशी कामदार भित्र्याउन जापानले अरू तीन क्षेत्र बिस्तार गर्ने

❑ नेस संवाददाता

टोकियो – जापान सरकारले दीर्घकालीन श्रम अभावसँग जुधिरहेका विभिन्न क्षेत्रमा विदेशी श्रमिकको पहुँच विस्तार गर्न विशेष सीपयुक्त कामदार (एसएसडब्लु) भिसा अन्तर्गत समेटिने उद्योगहरूको संख्या बढाउने तयारी गरेको छ । देशको सत्तारूढ लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) अन्तर्गतको एक समितिमा गत बिहीवार प्रस्तुत गरिएको मस्यौदामा हाल कायम १६ उद्योगलाई बढाएर १९ पुऱ्याउने प्रस्ताव गरिएको हो ।

नयाँ प्रस्तावित सूचीमा गोदाम व्यवस्थापन, फोहर व्यवस्थापन र लिनेन आपूर्तिजस्ता क्षेत्रलाई थप गरिने उल्लेख छ । यी तीनै क्षेत्रहरू हाल जापानमा श्रमिक अभावको गम्भीर समस्याबाट प्रभावित छन् । यदि यो प्रस्ताव अनुमोदन भएमा विदेशी सीपयुक्त श्रमिकहरूलाई यस क्षेत्रहरूमा काम गर्न कानूनी मान्यता प्राप्त हुनेछ । जापान सरकारले सन् २०१९ मा विदेशी श्रमिकहरूको आकर्षणका लागि एससएडब्लु नामक नयाँ भिसा कार्यक्रम सुरू गरेको थियो । यस कार्यक्रमअन्तर्गत श्रमिकहरूलाई निर्माण, कृषि, वृद्ध-हेरचाह, होटेल, क्लिनिङ सेवा, अटोमेकानिक, मत्स्यपालनलगायतका १६ श्रम अभावग्रस्त क्षेत्रहरूमा काम गर्ने अनुमति दिइएको छ । पहिलो प्रकारको भिसाले श्रमिकलाई अधिकतम पाँच वर्ष जापानमा बस्न अनुमति दिन्छ, तर परिवार साथ ल्याउने अनुमति हुँदैन । दोस्रो प्रकारको भिसा भने अनिश्चितकालीन नवीकरणयोग्य हुन्छ, जसले स्थायी आवासको बाटो खोल्दछ र श्रमिकहरूले आफ्नो जीवनसाथी र सन्तानलाई पनि जापान ल्याउन सक्ने सुविधा प्रदान गर्दछ । जापानको आप्रवासन सेवा एजेन्सीका अनुसार, सन् २०२४ को अन्त्यसम्म एससएडब्लु भिसा प्राप्त गर्ने विदेशी कामदारहरूको संख्या २ लाख ८० हजार नाघिसकेको छ । यो संख्या आगामी वर्षहरूमा झनै बढ्ने अनुमान गरिएको छ ।

विज्ञहरूका अनुसार, जापानको जनसंख्या तीव्र गतिमा घट्दै गइरहेको र वृद्ध जनसंख्या बढिरहेको सन्दर्भमा यो भिसा कार्यक्रम देशको श्रम बजारलाई गतिशील राख्न अपरिहार्य बन्ने देखिएको छ । देशका प्रमुख उद्योगहरूले समेत विदेशी श्रमिकहरूलाई स्वागत गर्ने तयारी गरेका छन् ।

यद्यपि, केही सामाजिक समूहहरूले विदेशीसँग सम्बन्धित नीतिहरूमा सन्तुलन कायम गर्नुपर्ने माग राखेका छन् । उनीहरू भन्छन्, 'केवल श्रम समाधान मात्र होइन, दीर्घकालीन सामाजिक समावेशीता र भाषा, संस्कृति अभ्यस्त हुने वातावरण पनि सुनिश्चित गरिनुपर्छ ।' नयाँ व्यवस्था सन् २०२५ को उत्तरार्द्धदेखि लागू हुने अपेक्षा गरिएको छ ।

Restaurants,
Food Services
& Hotels

टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।

सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल

Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल

Cambridge Assessment International Education
Cambridge International School



YOUR CHILD DESERVES
BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"

हाम्रा विशेषताहरु
१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरु द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको निःशुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरुका विश्वविद्यालय भर्नाका लागि निःशुल्क परामर्श सेवा
६. असल संस्कारयुक्त उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग

Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

जापानी भिसा आवेदनका लागि हामीलाई सम्झनुहोला

हाम्रा सुविधाहरु
◈ एइजुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किरवा)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा

Scan for website



Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078

GMT international

DOCUMENT
TRANSLATE
गर्नुपर्ने छ ?

CALL NOW!
080-4150-5314

OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# हिमाल बचाउन २५ बुँदे सगरमाथा सन्देश




❑ नेस संवाददाता

काठमाडौं – नेपाल सरकारद्वारा पहिलोपटक आयोजित ऐतिहासिक 'सगरमाथा संवाद' जलवायु परिवर्तनको विश्वव्यापी चुनौती सामना गर्न २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै सम्पन्न भएको छ । 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' भन्ने मूल नाराका साथ शुक्रबारदेखि सुरू भएको यो पहिलो संस्करणले विश्वव्यापी ध्यानाकर्षण गरेको छ ।

सगरमाथा कार्य आह्वानले पृथ्वीको दिगो भविष्य सुनिश्चित गर्न विश्वव्यापी साझेदारीलाई थप सुदृढ गर्दै पूर्व–औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम वृद्धि हुन नदिने अत्यावश्यकतामा जोड दिएको छ । यसका साथै, हरेक राष्ट्रले आफ्नो विशिष्ट अनुकूलन आवश्यकता पूरा गर्न राष्ट्रिय अनुकूलन योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्ने र विकासशील तथा विशेष परिस्थितिमा रहेका देशहरूमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय वित्तीय सहायता वृद्धि र परिचालन गर्नुपर्नेमा आह्वान गरिएको छ । संवादले विकासशील र जलवायु जोखिममा रहेका देशहरूलाई अन्तर्राष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामुहिक प्रयासको आवश्यकता औंल्याएको छ । विशेषगरी, पर्वतीय क्षेत्रहरूमा जलवायु कार्य र दिगो विकासका लागि लक्षित वित्तीय स्रोत परिचालन गर्न 'पर्वतीय देशहरूको विकासका लागि समर्पित कोष' स्थापना गर्ने आह्वानलाई समर्थन गरिएको छ । पर्वतीय पारिस्थितिक प्रणालीका सेवाहरूलाई मान्यता दिंदै तिनको सम्मान र पुरस्कृत गर्न प्राथमिकता दिइने कुरा पनि आह्वानमा समेटिएको छ ।

निजी क्षेत्रको वित्त र कार्बन बजारहरूको भूमिकालाई जोड दिंदै जलवायुमैत्री प्रविधिमा पहुँच सहज बनाउन र क्षमता अभिवृद्धि गर्न विश्वव्यापी एवं क्षेत्रीय साझेदारीलाई बलियो बनाउने निष्कर्ष संवादले निकालेको छ । स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र न्यायपूर्ण ऊर्जा संक्रमणको महत्वलाई स्वीकार गर्दै हरित, चक्रीय र बायो–अर्थतन्त्रमार्फत भविष्यलाई शक्ति प्रदान गर्ने कुरामा पनि जोड दिइएको छ ।

# नेपाल राष्ट्र बैंकको गभर्नरमा विश्वनाथ पौडेल

❑ नेस संवाददाता

काठमाडौं – सरकारले अर्थशास्त्री विश्वनाथ पौडेललाई नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त गरेको छ । मंगलवार साँझ बसेको मन्त्रिपरिषद् बैठकले केन्द्रीय बैंकको नयाँ कार्यकारी नेतृत्वकर्ता चयन गरेको सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले जानकारी दिए ।

गत चैत २४ गते तात्कालिक गभर्नर महाप्रसाद अधिकारी सेवानिवृत्त भएयता यो पद खाली थियो । नियुक्तिमा ढिलाइ हुँदा सरकारको आलोचना भएको थियो । प्रधानमन्त्री केपी ओली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाबीच मंगलवार दिउँसो पौडेललाई गभर्नरमा नियुक्त गर्ने सहमति भएको भन्ने विवरणबीच अपराह्न बसेको गभर्नर सिफारिस समितिको बैठकले पौडेलसमेत तीन जनाको नाम सिफारिस गरेको थियो । मंगलवार नै सर्वोच्च अदालतले पौडेललाई गभर्नर बनाउन नहुने भन्दै पेस भएको एउटा रिटलाई दरपीठ गर्ने निर्णयलाई सदर गरिदिएको थियो । न्यायाधीश सपना प्रधान मल्लको इजलासले सर्वोच्च प्रशासनले जेठ २ गते गरेको पौडेलविरूद्धको रिटलाई दरपीठ गर्ने निर्णयलाई नै सदर गरेको हो । अधिवक्ता प्रतिभा उप्रेतीलगायतले रिट तथा दरपीठको निर्णयविरूद्ध निवेदन दिएका थिए ।

अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियाबाट पीएचडी गरेका अर्थशास्त्री पौडेलसंग विश्वबैंकको कन्सल्टेन्ट, आईएलओको आर्थिक सल्लाहकार, राष्ट्रिय योजना आयोगको सल्लाहकार भएर काम गरेको अनुभव छ । उनी २०७८ साउनमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष भएका थिए ।

गएको आमचुनावमा नेपाली काँग्रेसका तर्फबाट उम्मेदवार भई पराजित भएका पौडेलको राजनीतिक आबद्धताबारे पनि प्रश्न उठ्दै आएको छ । गभर्नरमा पौडेलको नाम चर्चामा आएपछि उक्त निर्वाचनमा उनलाई पराजित गरेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले संसदको बैठकमा बोल्ने क्रममा गभर्नरमा पौडलको नाम अघि सारिनुलाई 'लज्जास्पद अभ्यास र ऐतिहासिक भुल' भनेकाछन् ।

# जापानमा विदेशी विद्यार्थीहरूको संख्यामा नयाँ कीर्तिमानी

❑ नेस संवाददाता

टोकियो – कोभिड–१९ महामारीको अन्त्यसँगै सन् २०२४ को मार्चमा समाप्त भएको आर्थिक वर्षमा विदेशमा अध्ययन गर्ने जापानी विद्यार्थीहरूको संख्या अघिल्लो वर्षको तुलनामा डेढ गुणाले वृद्धि भई ८ लाख ९ हजार १ सय ७९ पुगेको एक सरकारी संस्थाको हालैको सर्वेक्षणले देखाएको छ । जापान विद्यार्थी सेवा संगठन (ब्क्क्इ) द्वारा गरिएको सर्वेक्षणले कीर्तिमानी संख्यालाई उजागर गरेको हो । जापानमा अध्ययनका लागि आउने अन्तर्राष्ट्रिय विद्यार्थीहरूको संख्या भने ३ लाख ३६ हजार ७ सय ८ पुगेर कीर्तिमानी कायम भएको छ । यो संख्या सन् २०२० को सुरूमा महामारी फैलिएपछिको अवस्थाभन्दा बढी हो । यसको मुख्य कारण जापानको संस्कृतिप्रतिको बढ्दो आकर्षण र येनको अवमूल्यनलाई मानिएको छ ।

यो सर्वेक्षण जापानका विश्वविद्यालय र व्यावसायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी गरिएको थियो । स्नातकलगत्तै सीधै विदेशी विश्वविद्यालयमा भर्ना भएका उच्च माध्यमिक तहका विद्यार्थीहरूलाई यसमा समावेश गरिएको थिएन । जापानले सन् २०३३ सम्ममा विदेशमा अध्ययन गर्ने स्वदेशी विद्यार्थीहरूको संख्या वार्षिक ५ लाख पुऱ्याउने लक्ष्य राखेको छ ।

# विदेशस्थित नियोगको खर्च मापदण्ड विपरित

❑ नेस संवाददाता

काठमाडौं – नेपालका विदेशस्थित कूटनीतिक नियोगहरूमा भइरहेको मनलाग्दी र मापदण्ड विपरितको खर्चले राज्यकोषमाथि अनावश्यक व्यभार थपिरहेको महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले औंल्याएको छ । गत आर्थिक वर्षमा मात्रै विदेशस्थित ३८ नियोगका राजदूत र कर्मचारीको घरभाडामा झन्डै एक अर्ब रूपैयाँ (९३ करोड ९३ लाख ९० हजार) खर्च भएको छ, जुन परराष्ट्र मन्त्रालयले घरभाडासम्बन्धी स्पष्ट मापदण्ड नबनाउँदाको परिणाम हो ।

महालेखाले कर्मचारीको पदीय स्तरअनुसार घरभाडाको रकम सीमा नतोकिएको भन्दै तत्काल मापदण्ड बनाउन निर्देशन दिएको छ । पूर्वराजदूत डा. दिनेश भट्टराईका अनुसार कतिपय नियोगले मासिक ३, ४ हजार डलरमा काम चलाइरहेका छन् भने केहीले १२, १३ हजार डलरसम्म भाडा तिरिरहेका छन्, जुन अनुत्पादक खर्च हो ।

घरभाडा मात्र होइन, नियोगहरूले सवारी मर्मतमा पनि मनलाग्दी खर्च गरेका छन् । ४० नियोगका १ सय ८८ सवारीसाधनको मर्मतमा गत वर्ष ५ करोड ३२ लाख ५६ हजार रूपैयाँ खर्च भएको छ, जसमा एउटै नियोगले ३६ लाखसम्म खर्चेको छ । इन्धनमा पनि ५ करोड ३३ लाख रूपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, दरबन्दी स्वीकृत नगरी स्थानीय कर्मचारी भर्ना गर्ने प्रवृत्ति पनि नियोगहरूमा देखिएको छ । वासिङ्टन डिसी, दोहा, टोकियो, रियाद र जेद्दामा गरी ११ जना स्थानीय कर्मचारी नियम विपरित भर्ना गरी २ करोड ७४ लाख ६० हजार रूपैयाँ भुक्तानी गरिएको छ । निजामती सेवा ऐनविपरित यस्तो भर्ना हुनुले वित्तीय अनुशासनमाथि प्रश्न उठेको छ । यसबाहेक २ सय ४० जना अस्थायी कर्मचारी नियुक्ति गरी ६३ करोड ९५ लाख ५७ हजार खर्च गरिएको छ भने वैदेशिक रोजगार बोर्डमार्फत विभिन्न नियोगमा खटाइएका १८ करार कर्मचारीका लागि २ करोड ६७ लाख २८ हजार भुक्तानी भएको छ ।












# अवकाशपछि अब दुई वर्ष संवैधानिक पद नपाइने



❑ नेस संवाददाता

काठमाडौं - संघीय निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड' दुई वर्ष राख्ने प्रस्तावमा सरकार सहमत भएको छ । निजामती सेवाका उच्च तहका कर्मचारी अवकाश पाएपछि कूटनीतिक, राजनीतिक, संवैधानिक लगायतका पदमा जानबाट रोक्नका लागि संघीय निजामती सेवा विधेयकमा २ वर्ष कुलिङ पिरियड राख्न सरकार सहमत भएको हो । प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिमा गृहमन्त्री रमेश लेखकले उक्त सहमति सार्वजनिक गर्दै सरकार अब दुई वर्षको कुलिङ पिरियड कायम गर्न तयार भएको जानकारी दिए । यसअघि सरकारभित्र नै कुलिङ पिरियड कति समयको हुने भन्नेमा मतभेद थियो । सत्तारूढ दलभित्र पनि एक पक्ष एक वर्षका पक्षमा उभिएको थियो भने अर्को पक्षले दुई वर्षको प्रस्ताव गर्दै आएको थियो । समितिमा प्रस्तुत विधेयकको प्रारम्भिक मस्यौदामा मुख्यसचिव, कानून सचिव र प्रधानमन्त्री कार्यालयका सचिवहरूलाई कुलिङ पिरियड नलाग्ने व्यवस्था गरिएको थियो, जसप्रति व्यापक आलोचना भएको थियो । सो व्यवस्थाले निजामती सेवाभित्र भेदभाव सिर्जना गरेको भन्दै सांसदहरूले त्यसमा आपत्ति जनाएका थिए । अन्ततः समितिले सो व्यवस्थाबाट पछि हट्दै समावेशी र निष्पक्ष मापदण्ड बनाउने दिशातर्फ अग्रसर भएको देखिएको छ । कुलिङ पिरियडबारे प्रमुख विपक्षी माओवादी केन्द्र, रास्वपा, राप्रपा, एकीकृत समाजवादीलगायत दलहरूले फरक मत राख्दै दुई वर्ष नै कायम गर्नुपर्ने प्रस्ताव अघि सारेका थिए । कांग्रेसका सांसदहरूले पनि त्यही धारणा राख्दै आएका थिए । एमालेका सांसदहरू भने एक वर्ष नै पर्याप्त हुने अडानमा थिए ।

# खाद्य संकटको चपेटामा नेपाल

❑ नेस संवाददाता

काठमाडौं - वर्षेनि करिब तीन खर्ब रूपैयाँको कृषिवस्तु आयात गर्ने नेपालको खाद्य सुरक्षा, जलवायु संकट र अन्तर्राष्ट्रिय व्यापार नीतिको त्रिपक्षीय दबाबमा अत्यन्तै पेचिलो बनेको छ । चालु आर्थिक वर्षको पहिलो सात महिना (साउन-माघ) मा मात्रै २ खर्ब ५ अर्ब रूपैयाँको खाद्यवस्तु आयात हुनुले परनिर्भरताको भयावह चित्र प्रस्तुत गरेको हो । पेट्रोलियम पदार्थ र फलामभन्दा पनि ठूलो हिस्सा ओगटेको कृषि आयातले मुलुकको अर्थतन्त्रमा गहिरो प्रभाव पारिरहेको छ । एकातिर न्यून उत्पादकत्व र श्रमिक अभावले नेपाली खेतबारी बाँझिदैछन् भने अर्कातिर बजार विदेशी उत्पादनले भरिभराउ छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो कृषि गणनाले एक दशकमा खेती गरिएको जमिन १२ दशमलव ४ प्रतिशतले घटेको र बाँझो जमिन ९५ प्रतिशतले बढेको देखाउँछ ।

यसको प्रमुख कारण युवाशक्तिको वैदेशिक पलायन र आन्तरिक बसाइँसराइ हो । विगत तीन दशकमा करिब ६० लाख युवा रोजगारीका लागि विदेशिएका छन्, जसले कृषि कर्म गर्ने जनशक्ति घट्नुका साथै रेमिट्यान्सले आयातित वस्तुको उपभोग बढाएको छ ।

पहाडबाट तराई र सहर उन्मुख बसाइँसराइले पनि खेतीयोग्य जमिन बाँझो हुने क्रम तीव्र छ । यसबाहेक, वन्यजन्तुको आतंक र कृषिमा न्यून आर्थिक प्रतिफलले किसानलाई निरूत्साहित बनाएको छ ।

# अघोषित लोडसेडिङले कुलमान सम्झाउँदै

❑ नेस संवाददाता

काठमाडौं - नेपाल विद्युत् प्राधिकरणले बिना सूचना पटकपटक विद्युत् आपूर्ति अवरूद्ध गरेपछि देशभरका उपभोक्ता आजित भएका छन् । बिहीबार र शुक्रबार दर्जनौंपटक बत्ती आउने-जाने क्रम चलिरह्यो, बिहीबार साँझ त एकैपटक साढे दुई घण्टासम्म अघोषित लोडसेडिङ भएको थियो ।

प्राधिकरणले यसलाई प्राविधिक कारण र खराब मौसमको दोष दिए पनि उपभोक्ताले भने ११ चैतमा कुलमान घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरेपछिको व्यवस्थापकीय कमजोरीसँग जोडेर हेरेका छन् । कार्यकारी निर्देशक शाक्यले पत्रकार भेटघाटमा लोडसेडिङ नभएको दाबी गरे पनि त्यसपछि पनि काठमाडौंलगायत देशका विभिन्न स्थानमा विद्युत् सेवा अनियमित रह्यो । अनामनगरकी किराना व्यवसायी शान्ति विश्वकर्माले बत्ती नहुँदा व्यापार चौपट भएको गुनासो गरिन् भने पोखराकी विद्यार्थी संगिता विश्वकर्माले परीक्षाको तयारीमा बाधा पुगेको बताइन् ।

प्राधिकरणका प्रवक्ता राजाभाई श्रेष्ठले बिहीबार ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमा हावाहुरीले समस्या आएको र शुक्रबार पनि हावाहुरीले आपूर्ति प्रभावित भएको बताए । कार्यकारी निर्देशक शाक्यले पनि कमजोर पूर्वाधार र खराब मौसमलाई दोष दिँदै भने, 'उत्पादन र माग बढे पनि प्रसारण पूर्वाधार २४ सय मेगावाट हाराहारीमै सीमित छ । यस्तोमा सानो गडबडीले पनि समस्या ल्याउँछ ।'

यद्यपि, प्राधिकरणकै केही अधिकारीहरूले भने विगतमा यस्ता समस्या १५ देखि ३० मिनेटमा समाधान हुने गरेकोमा यसपटक साढे दुई घण्टा लाग्नु 'मिस म्यानेजमेन्ट' भएको टिप्पणी गरेका छन् । नयाँ नेतृत्व आएलगत्तै भार प्रेषण केन्द्रजस्तो संवेदनशील निकायका प्रमुख परिवर्तन गरिनुले पनि समयमै विद्युत् व्यवस्थापनमा चुनौती थपिएको उनीहरूको भनाइ छ । कार्यकारी निर्देशक शाक्यले भने व्यवस्थापकीय कमजोरी नभई विशुद्ध प्राविधिक समस्या भएको दाबी गरेका छन् ।

# जहाँ खेत जोत्दै गरेका हलगोरु हराउँथे

❑ नेस संवाददाता

काठमाडौं - मकवानपुरको हेटौंडा उपमहा नगरपालिका-१७, गैरीगाउँमा गत वैशाख १९ गते सडक भासिँदा एउटा पिकअप भ्यान रहस्यमय ढंगले हराएको घटनाले स्थानीयलाई त्रसित बनाएको छ । यो त्यही क्षेत्र हो जहाँ दशकौंअघि खेत जोत्दाजोत्दै हलगोरूसमेत हराएको किंवदन्ती जीवितै छ ।

वडाध्यक्ष रामकृष्ण कोइरालाले सानैमा सुनेको हलगोरू हराएको अपत्यारिलो घटना अहिले आफ्नै आँखाअगाडि गाडी हराउँदा चरितार्थ भएको बताए । चालक हरेराम राईका अनुसार, घाँस काट्ने मेसिन लोड गरिएको ना.४ च ४८३३ नम्बरको गाडी कच्ची सडकको हिलोमा फसेको थियो । निकाल्ने प्रयास गर्दागर्दै गाडीको अगाडिको भाग भासिन थाल्यो । 'मुक्तिलाल (सहचालक) ले चिच्याएर बाहिर निस्किन भने, म तुरून्तै निस्कें । हेर्दाहेर्दै गाडी जमिनमा बिलायो,' राईले भने ।

गाडी डुबेपछि धमिलो पानीको भुमरी बनेको र वरपरको माटो झरेर गहिरो खाल्डो बनेको उनको भनाइ छ । घटनालगत्तै जिल्ला प्रहरी कार्यालय मकवानपुरले पानी फालेर गाडी खोज्ने प्रयास गरे पनि सफल भएन । त्यसपछि काठमाडौंबाट पुगेको खानी तथा भूगर्भ विभागको टोलीले अत्याधुनिक उपकरण 'प्रोटोन म्याग्नेटोमिटर' र ड्रिलिङको सहायताले अनुसन्धान गरेको छ । भूगर्भविद् नारायण अधिकारीका अनुसार, जमिनको सतहबाट करिब ६ मिटर तल गाडी रहेको प्रारम्भिक आंकलन गरिएको छ । 'ड्रिल गर्दा तीनमध्ये दुई स्थानमा ड्रिल रड ६ मिटरमै रोकिएपछि गाडी भएको अनुमान गरेका हौं,' उनले भने । भूगर्भविद् कृष्ण पाण्डेले उक्त क्षेत्र बसोबासका लागि समेत जोखिमपूर्ण रहेको बताए । 'दलदले क्षेत्र भएकाले जुनसुकै वेला जमिन भासिन सक्छ,' उनले भने ।


## सरसफाई गर्ने पार्टटाइमर चाहियो

**लामो अवधि**
- समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
- पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
- यातायात: दैनिक ५ सय येनसम्म
- आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

**छोटो अवधि**
- आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
- समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
- पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
- अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
- गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने)

Langate Co., Ltd.
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

## तोकुतेइ गिनोउ भिसामा जापानमा रोजगारीको अवसर

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार - SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

**आधारभूत जानकारी**
- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

GMT INTERNATIONAL CO., LTD.
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
*(License No: 19-001335)*
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

## BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईंको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

## 'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।

सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
VISA PayPay

भिसा सम्बन्धि सम्पूर्ण कामका लागि
OGAWA JIMUSYO
Visit Our Website

# दुई दशकपछि नेपथ्यले ल्यायो कर्णालीको गीत




❑ नेस संवाददाता

काठमाडौं – नेपाली लोक रक ब्यान्ड नेपथ्यले कर्णालीका सुदूर सुसेली र सुस्केरालाई दुई दशक लामो साधनापछि जीवन्त तुल्याउँदै नयाँ गीत 'कर्णलीका छाइला' सार्वजनिक गरेको छ । शनिबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको यो गीत, गायक अमृत गुरूङले कर्णाली भेगलाई निरन्तर पछ्याउँदै तयार पारेको अनुपम सिर्जना हो ।

प्रकृतिसँग एकाकार सुदूर जनजीवनका भाकाहरूलाई आफ्नो मौलिक स्वरमा ढाल्ने नेपथ्यको निरन्तर प्रयासको पछिल्लो प्रस्तुति हो यो । गीतको श्रव्यदृश्यलाई ख्यातिप्राप्त निर्देशक भूषण दाहालले आफ्नो कलात्मक शिल्पले सजाएका छन् । रोचक त के छ भने, नेपथ्यका अनुयायीहरूले यो गीतबारे करिब दुई दशकअघि नै संकेत पाइसकेका थिए । ब्यान्डको गीत खोजी यात्रामा आधारित वृत्तचित्र 'भेंडाको ऊनजस्तो' मा गायक अमृत गुरूङ र गीतका संकलक नारायण वाग्लेले यस गीतका केही अंश गुनगुनाएका थिए, जसको दृश्य शनिबारको समारोहमा समेत देखाइएको थियो ।

विशेषगरी सल्यान र आसपासका जिल्लामा प्रचलित लोकधुन 'टप्पा' मा आधारित यो गीतलाई अमृतले कर्णाली भेगमै पुगेर मौलिक शैलीमा विकास गरेका हुन् । सार्वजनिक गरिएको यो म्युजिक भिडियो केही दिनका लागि शुल्क तिरेर मात्र हेर्न पाइने व्यवस्था गरिएको छ ।

# जहाँ छन् तीन पुस्तादेखि अझै साहुको हलिया

❑ नेस संवाददाता

काठमाडौं – सरकारले हलिया प्रथा उन्मुक्तिको घोषणा गरेको १७ वर्ष बितिसक्दा पनि बाजुराको बुढीनन्दा नगरपालिका-१, पिपलडाँलीका ८० वर्षीय सगुन सार्कीको तीन पुस्ता अझै पुस्तैनी दासताको दुष्चक्रबाट बाहिर निस्कन सकेको छैन । उनको १५ जनाको परिवार आज पनि साहुको खेत जोतेरै गुजारा चलाउन बाध्य छ ।

यो विडम्बना सगुनको परिवारको मात्र नभई बाजुराका चार पालिकाका कैयौं मुक्त हलिया भनिएका परिवारको साझा व्यथा हो, जहाँ पुनर्स्थापनाको अभावमा उनीहरू नाम मात्रको मुक्तिको भारी बोकिरहेका छन् । 'बाजेको पालादेखि साहुको खेतबारीमा हलिया लाग्दै आएका छौं । साहुले घर बनाउन एक कट्ठा जग्गा दिनुभएको छ, तर त्यो पनि हाम्रो नाममा छैन,' सगुन सार्कीले आफ्नो दुखेसो पोखे ।

उनका छोराहरू बाच, नन्द, भीम र १५ वर्षीय नाति रवीन्द्र समेत साँझ–बिहान साहुको खेत जोतेर दिउँसो विद्यालय जान्छन् । 'काम नगरी खान पुग्दैन,' कक्षा १० मा पढ्ने रवीन्द्र भन्छन् । साहु



पूर्ण जैसी भने हलिया नभई अधियाँमा खेती गर्न दिएको दाबी गर्छन । यस्तै, ६० वर्षीय खड्क लुहारको १२ जनाको परिवार पनि साहु बिर्ख कार्कीको खेतमा काम गर्दै आएको छ । 'सरकारी मान्छे फोटो खिचेर जान्छन्, सेवासुविधा केही दिँदैनन् । साहुको खेत नजोती के खानु ?' खड्कको प्रश्नले मुक्तिको खोक्रोपनालाई उजागर गर्छ । जिल्ला हलियामुक्त समाज बाजुराका अध्यक्ष लालवीर सार्कीका अनुसार, पुनर्स्थापना प्याकेज अपर्याप्त र प्रभावहीन हुँदा समस्या ज्यूँकात्यूँ छ ।

# संकटमा अन्नपूर्णका डाँफे-मुनाल

❑ नेस संवाददाता

काठमाडौं – कास्कीको अन्नपूर्ण क्षेत्र, जो जैविक विविधताले सम्पन्न छ । तर यतिबेला राष्ट्रिय चरा डाँफे र कालिज प्रजातिको मुनाल चोरी शिकार तथा डढेलोका कारण गम्भीर संकटमा परेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनद्वारा संरक्षित यी सुन्दर पन्छीहरू प्वाँख र मासुका लागि शिकारीको निशानामा पर्दै आएका हुन् ।

हालै जैविक विविधता संरक्षण समाज नेपाल र वर्ल्ड फेजन्ट एशोसिएशनले वैशाख ४ देखि १८ सम्म गरेको कालिज प्रजातिको गणनाले यो भयावह तस्विर उजागर गरेको हो । समाजका निर्देशक पारसविक्रम सिंहका अनुसार, अध्ययनका क्रममा वनैभरि डाँफे र मुनालका लागि थापिएका पासोहरू भेटिएका थिए । 'विगत वर्षहरूमा १०० देखि २०० वटासम्म पासो भेटिएका थिए, यसपालि केही कम भए पनि पासो राख्न छाडिएको छैन,' सिंहले भने । केही वर्षअघि डाँफे-मुनालको मासु गाउँमा प्रतिकिलो १५ सय र पोखरामा ३५ सय रूपैयाँसम्ममा बिक्री हुने गरेको पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउँछन् ।

यस वर्ष माछापुच्छे गाउँपालिकाका विभिन्न वन क्षेत्रमा गरिएको गणनामा १ सय ४६ डाँफे, १ सय ४८ मुनाल र १९ फ्रोकास भेटिएका छन् । सन् २०१९ को अध्ययनले मुनालको संख्या अघिल्ला गणनाभन्दा ५५ प्रतिशतले घटेको देखाएको थियो, यद्यपि पछिल्ला गणनाले केही बढेको संकेत गरे पनि शिकारीको सक्रियताले जोखिम कायमै छ ।

नेपालमा डाँफे, मुनाल र चीर संरक्षित पक्षी हुन्, जसको शिकार गरे १५ हजारदेखि ३० हजार रूपैयाँ जरिवाना वा तीनदेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुनसक्छ । यी चराहरू साइटिस महासन्धिको विभिन्न अनुसूचीमा समेत सूचीकृत छन्, जसले यिनको अन्तर्राष्ट्रिय व्यापारलाई नियन्त्रण गर्छ ।

# भारत हुँदै खाडी मुलुकको यात्रा गर्दा एनओसी अनिवार्य

❑ नेस संवाददाता

काठमाडौं – नयाँदिल्लीस्थित नेपाली दूतावासले मध्यपूर्वका केही मुलुकहरूमा जानपूर्व 'नो अब्जेक्सन लेटर' लिएर मात्र यात्रा गर्न आग्रह गरेको छ । भारतीय विमानस्थल प्रयोग गरी मध्यपूर्वका साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन, इराक, लिबिया र लेबनानसहित ९ वटा देशहरूमा उड्नका लागि दूतावासद्वारा जारी गरिएको 'नो अब्जेक्सन लेटर' (एनओसी) लिनुपर्छ ।

वैदेशिक रोजगार विभागको श्रम स्वीकृतिको स्टिकर लगाएर आएका नेपालीहरूलाई दूतावासले 'नो अब्जेक्सन लेटर' दिने गर्छ । नेपाल सरकारले भारत हुँदै खाडी मुलुकको यात्रामा कडाइ गरेको हो । वैदेशिक रोजगारीमा पठाउने कतिपय दलालले भारतीय विमानस्थल हुँदै मध्यपूर्वका देशहरूमा श्रमका लागि जान नक्कली श्रम स्वकृति र नक्कली 'नो अब्जेक्सन लेटर (एनओसी)' को प्रयोग गर्ने गरेका छन् । नक्कली कागजातबाट भारतीय विमानस्थलको अध्यागमन पार गर्न खोज्ने सूचनाहरू बढेपछि दूतावासले एनओसी लिएर मात्र विमानस्थलमा जान भनेको छ । 'नक्कली कागजातहरू प्रयोग गर्न खोज्ने व्यक्तिहरूलाई भारतीय अध्यागमन अधिकारीले विमानस्थलबाट नियन्त्रणमा लिई प्रहरी हिरासतमा पठाइएका व्यक्तिहरूको संख्या पनि सोहीअनुरूप वृद्धि हुँदै गइरहेको सूचनाप्रति दूतावासको ध्यानाकर्षण भएको छ,' दूतावासले भनेको छ ।

OUR SERVICES
• Real Estate (नेपाली फुदोउसान)
• Restaurant Business
• Halal Food Business
• Money Express
• Travel & Tour Agency
• Manpower Agency
• Education Consultant
• Visa Consultant
• Tax Accountant
• Vehicle Export & Import Agency
• Rafting / Wifi & Sim

株式会社 EVEREST TRADE
(नेपाली फुदोउसान)
सस्तो कोठा भाडामा, घर तथा रेष्टुरेन्ट खरिद बिक्रि गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला
Tel : 03-5937-0506 Fax: 03-5937-0937
• 080-9665-0800 Shiba Poudel
• 090-3085-0265 / 080-9172-2200 Poudel Bikash
• 080-4292-1619 / 080-8815-8839 Yamaguchi
• 080-2556-8115 Poudel Ishwor
Google Maps Facebook Website
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5 Shinjuku, Tokyo
Tel: 03-5937-0506, 03-5937-0937 Fax: 03-5937-0937









# जापानभर माइकोप्लाज्मा निमोनिया फैलदैं, यसबाट बच्न के गर्ने ?



प्रा. डा. खाचुदा योशिआकी

टोकियो – हाल जापानभर माइकोप्लाज्मा निमोनिया तीव्र रूपमा फैलिरहेको छ, जसले जनमानसमा गम्भीर चिन्ता उत्पन्न गराएको छ । देशभरका स्वास्थ्य संस्थाहरूले संक्रमितको संख्या उल्लेखनीय रूपमा बढेको जनाएका छन्, जसले गर्दा जनस्वास्थ्य विज्ञहरूले सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् । यो सङ्क्रमणले बालबालिका र वयस्क दुवैलाई असर गरिरहेको छ त्यसैले यसको लक्षण, संक्रमणको माध्यम र रोकथामका उपायबारे बुझ्नु अत्यन्त आवश्यक छ ।

**माइकोप्लाज्मा निमोनिया के हो ?**

माइकोप्लाज्मा निमोनिया : Ycoplasma Pneumoniae नामक सूक्ष्म जीवाणुबाट हुने एक प्रकारको फोक्सोको संक्रमण हो । यो जीवाणु प्राणीजगतका सबैभन्दा साना जीवाणुहरू मध्ये एक हो । सामान्यतः निमोनिया Streptococcus Pneumoniae (जसलाई 'न्युमोकोकल निमोनिया' भनिन्छ) बाट हुने भए पनि, माइकोप्लाज्मा निमोनियालाई प्रायः 'वाकिङ निमोनिया' पनि भनिन्छ, किनभने संक्रमित व्यक्ति गम्भीर बिरामी महसुस नगरी काम वा विद्यालय जानसक्ने अवस्था रहन्छ । यही कारणले गर्दा धेरै संक्रमितले आफू बिरामी भएको थाहा नपाई अरूलाई सजिलै संक्रमित गर्न सक्छन् ।

**यो कसरी सर्छ ?**

माइकोप्लाज्मा निमोनिया प्रायः खोकी वा हाच्छिउँ गर्दा निस्कने स-साना थोपाहरू (Droplets) मार्फत सर्छ । साथै ढोका खोलेको ह्याण्डल, स्वीच, लिफ्टको बटन, रिमोट कन्ट्रोल वा भाँडाकुँडा जस्ता सतहमा छुँदा पनि संक्रमण फैलिन सक्छ ।

यो दोहोरो सङ्क्रमण विधिका कारण हावाबाट र सतहमार्फत विद्यालय, अफिस, बस्ने स्थान तथा सार्वजनिक यातायात जस्ता भीडभाड युक्त र बन्द स्थानहरूमा तीव्र रूपमा फैलिन सक्छ ।

**कस्तो खालको लक्षण देखिन्छ ?**

सङ्क्रमण सुरुवातमा थकान र हल्का ज्वरोजस्ता सामान्य लक्षणहरू देखिन्छन् जसलाई धेरैले रुघाखोकी सम्फन सक्छन् । केही दिनपछि सुख्खा खोकी सुरु हुन्छ, जुन दुईदेखि तीन हप्तासम्म रहन सक्छ । अन्य लक्षणहरूमा टाउको दुख्ने, घाँटी दुख्ने, जाडोको महसुस हुने र कहिलेकाहीं हल्का छातीको असजिलोपन पनि हुन सक्छ । धेरै संक्रमित व्यक्तिहरू यी लक्षण हुँदाहुँदै पनि सामान्य रूपमा काममा जान गर्दछन् जसले गर्दा संक्रमण थप फैलने गर्दछ ।

**यो अन्य निमोनियाभन्दा किन फरक छ ?**

अन्य धेरै प्रकारका निमोनियाको तुलनामा, माइकोप्लाज्मा निमोनियाले बिरामीलाई अत्यन्त थला पार्दैन । अन्य निमोनियामा जस्तो उच्च ज्वरो, छातीको तीव्र दुखाइ वा अत्यधिक कमजोरी सामान्यत यो रोगमा देखिँदैन । यही कारणले मानिसहरूले यसलाई सामान्य समस्या सम्फेर उपचार ढिलो गर्न सक्छन् जसले संक्रमण फैलिने सम्भावना अफ बढाउँछ ।

**खोप नभएकाले सतर्कता नै मुख्य उपाय**

फ्लू वा कोभिड-१९ जस्तो माइकोप्लाज्मा निमोनियाको अहिलेसम्म कुनै खोप उपलब्ध छैन । त्यसैले व्यक्तिगत सतर्कता अत्यावश्यक छ । यदि तपाईं वरिपरि कसैले लगातार खोकी रहेको देख्नुभयो भने:

- दूरी कायम गर्ने ।
- सही तरिकाले मास्क लगाउने
- साफा सतह छोएपछि अनुहार नछुने ।
- साबुन पानी वा स्यानिटाइजरले हात धुने ।
- कोठा वा कार्यालयको हावा प्रवाह राम्रो बनाउने
- यदि तपाईं आफैलाई खोकी लागिरहेको छ भने मास्क लगाउने, भिडभाडबाट टाढा रहने र आवश्यक परे घरमै विश्राम गर्ने ।

**उपचार र चिकित्सकीय सल्लाह**

यो रोगलाई प्रभावकारी रूपमा एन्टिबायोटिक औषधिहरूबाट निको पार्न सकिन्छ, तर विशेष प्रकारका एन्टिबायोटिक आवश्यक हुन्छन् जस्तै : म्याक्रोलाइड्स (Azithromycin jf Clarithromycin), टेट्रासाइकलिन्स, वा फ्लुओरोक्विनोलोनस, जुन बिरामीको उमेर र स्वास्थ्य अनुसार निर्भर रहन्छ । अघिल्लो बिरामीको बाँकी औषधि वा अरूबाट लिएको औषधि प्रयोग नगर्नुहोस् । यस्ता औषधिहरू प्रभावकारी नभएर उल्टो समस्या बढ्न सक्छ । त्यसैले चिकित्सकसँग परामर्शमा सही उपचार पद्दति अबलम्बन गर्नुपर्दछ । सही समयमा गरिएको उपचारले नै तपाईंलाई छिटो निको पार्छ, थप अरूमा संक्रमण फैलिनबाट पनि रोक्दछ ।

**निष्कर्ष**

जापानभर माइकोप्लाज्मा निमोनिया फैलिँदै गर्दा जनचेतना र सतर्कता आवश्यक छ । लक्षण हल्का लागे पनि यसको दीर्घ खोकी र संक्रमण फैलाउने क्षमतालाई कम आँक्नु हुँदैन । खोप नभएको अवस्थामा, मास्कको प्रयोग, हातको सरसफाइ, हावाको राम्रो प्रवाह र छिटो उपचार नै मुख्य बचाउका उपाय हुन् । हामी सबैले सावधानी अपनाएर यो जनस्वास्थ्य समस्याबाट आफू र अरूलाई पनि सुरक्षित राखौं ।

(प्रा. डा. खाचुदा खान्साइ युनिभर्सिटी अफ सोसल वेल्फेयर इण्डष्ट्रियलका हेल्थ कल्सल्ट्यान्ट हुन्)

## पहिले यात्रुले ..

»» पृष्ठ १ को बाँकी

**तपाईंको नेतृत्वमा बनेका पोखरा र गौतमबुद्ध विमानस्थल चलाउन सक्नुभएन, त्यसकारण तपाई फेलियर हो भन्दा मिल्छ नि ?**

त्यो चार्ज नै गलत हो । हाम्रो कुनै पनि विमानस्थलमा ट्राफिक फोरकास्ट जुन हामीले ट्राफिक फोरकास्ट गर्छौं अथवा ट्राफिक आइरहेको छ, यो चाहिँ प्रत्यक्ष रूपमा त्यो देशको कुल गार्हस्थ उत्पादनसँग निर्भर गर्छ । ट्राफिक इज डाइरेक्ट्ली प्रोपोर्सनल टु जीडीपी अफ द स्टेट । यो फर्मुला नै हो । अब त्यो जीडीपीका सबै अंगहरू कत्तिको चलायमान हुन्छन् ? त्यो चलायमान भए अनुसार विमानस्थलहरू चल्ने र नचल्ने हुन्छन् । भैरहवा चाहिँ साउथ एसिया टुरिजम डेभलपमेन्ट इन्फ्रास्ट्रक्चर प्रोजेक्ट हो । विश्वमा ५३ करोड बौद्ध धर्मावलम्बी छन् । तपाईंको कम्बोडियाको सीएम रिपमा बुद्धको भाँचिएको नाक हेर्नलाई ४० लाख, ५० लाख बुद्ध धर्मावलम्बीहरू जान्छन् । त्यहाँ बुद्ध कहिल्यै पुग्नुभएन । अब त्यसको डिजाइन फिलोसफी के थियो भने बौद्ध धर्मावलम्बीहरू डाइरेक्ट कनेक्टिभिटी भएर आउँछन् भन्ने एउटा एउटा न्यासनल थियो । तर यहाँ तपाईंले प्रश्न के सोध्नुहुन्छ भने त्यसोभए किन आएन भन्नुहुन्छ ? किन आएन भने हाम्रो प्रोमोशन पुगेन ।

**पोखरामा त फन् बिजोग छ ?**

अहिले पोखराको विमानस्थलमा हिमालयन एयरलाइन्स र सिचुवान एयरलाइन्सले हप्तामा दुईवटा र एउटा फ्लाइटहरू हामीले गराइरहेका छौं । जुन राम्रो कुरा हो । किनभने स्टार्ट भयो नि त । आजै तुरुन्तै हुने विषय होइन । पूर्वाधारप्रति यति ठूलो पूर्वाग्रह पनि राख्नुहुन्न । हामीले बढी मिहिनेत चाहिँ गर्नुपर्ने कहाँनेर देखिन्छ भने हाम्रो र इन्डियाका सहरहरूबीच पोखरा र भैरहवा उडान गर्न सकियो भने राम्रो ट्राफिक हुन्छ । अहिले ल्याण्डिङ कष्ट पनि तिर्नुपर्दैन, पार्किङ पनि तिर्नुपर्दैन । ग्राउन्ड ह्यान्डलिङको ७५ प्रतिशत छुट दिईएको छ । प्यासेन्जर सर्भिस चार्ज जुन ३ हजार तिर्छौं हामीले, त्यो पनि तिर्नुपर्दैन । सबै सुविधा दिएका छौं हामीले । राज्यको तर्फबाट गर्ने नेगोशियशन कहीं कमी भएको छैन ।

**तर तपाईंको भूमिकामाथि प्रश्न उठदा मन्त्रीहरुले किन सेभ गर्छन् ?**

त्यो त मलाई थाहा नभएको विषय त म कसरी उत्तर दिउँ ? प्रमाणित नहुने विषयमा एउटा जिम्मेवार ओहदामा बसेको मान्छेले सार्वजनिक खपतको लागि मात्र बोलेको जस्तो हुन्छ ।



**प्राधिकरणको नेतृत्वमा आउने मान्छे किन विवादित हुन्छ ?**

सुन्नु न, निर्णय नगरिकन सुतेर बस्यो भने केही पनि विवाद हुँदैन । नदेखिने, नसुनिने भयो भने केही पनि विवाद हुँदैन । पहिला जसरी चलेको छ, त्यसरी चलाउने । केही विवाद हुँदैन । म पनि निर्विवादित हुन्थें । ५१ वटा जहाज तराईमा जान्थेनन् । आज तपाईंले जुन सुविधा प्रयोग गर्नुभएको थियो नि, त्यो सुविधा तपाईंले प्रयोग गर्न पाउनुहुँदैनथ्यो । आज प्रयोग गर्नुभएको छ । यो काम चाहिँ ठीक भएको हो । यस्को क्रेडिट दिनुपर्छ भन्दाखेरि तपाईंलाई घाटा के हुन्छ त्यसमा ?

**तपाई आएपछि तीन वर्षमा गरेका सफलताका कामहरु बताइदिनुस् न ।**

रात्रिकालीन उडान अवतरणहरू बाहिरबाट गराएँ । यसले धेरै ठूलो इकोनोमीलाई फाइदा पुग्छ । जनतालाई धेरै फाइदा भएको छ । आज त्यो एयरलाइन अपरेटरहरूले जहाज थपे । उनीहरूको बिजनेस एक्सपान्सन भयो । जनताले सुख पाए । यो त ठूलो रिभोलुसन हो नि वास्तवमा एक हिसाबले भन्ने हो भने । टर्मिनल अन्तर्राष्ट्रिय स्तरमा जस्तो खालको टर्मिनलहरू अहिले बनिरहेका छन् मोडर्न, त्यस्तो देखिनुपर्छ हाम्रो । त्यहाँ उभिएर कसैले फोटो खिच्न चाह्यो भने सानका साथ फोटो खिचोस्, आफ्नो देशको इज्जत हो । अहिले हेर्नुस्, अहिले विराटनगरमा त्यस्तो टर्मिनल बनिरहेको छ । जनकपुरमा हामीले बनाएर सिध्याइसकेका छौं । भरतपुरमा बन्दै छ, अब भैरहवा त इन्टरनेशनल बनिहाल्यो । नेपालगञ्ज बन्दै छ । अब विस्तारै हामी अब चन्द्रगढी विमानस्थलमा पनि टर्मिनल एउटा बनाउने प्रयासमा छौं । म्यासिभ परिवर्तन देख्नुहुन्छ । पहिले यात्रुले जहाज कुर्थे अहिले जहाजले यात्रु कुर्छन् ।

**तपाईंसंग नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक भन्ने बित्तिकै नियामक निकायको तर्फबाट एउटा भूमिका त छँदैछ, अर्को सेवाप्रदायक दुई वटा भूमिका पनि छ । यो दुई वटा भूमिकालाई छुट्याउन विधेयक अघि बढेको छ, यसप्रति तपाईंको टिप्पणी के हो ?**

देश चलाउने, कानून बनाउने सबै काम संसदको हो । सांसद्ज्यूहरूले नेपालको लागि कुन चाहिँ विषयवस्तुहरू राख्दा ठीक हुन्छ, ती समेटेर कानून बनाउनुहुनेछ । सिद्धान्त त यो विषय गलत होइन । देश हेरेर आफ्ना-आफ्ना प्रचलनहरु छन् । कति ठाउँमा एउटै निकायबाट फङ्सनल सेपरेसन गरेर चलेको पनि अनुभवहरु छन् । जस्तो फ्रान्स, अमेरिका, सिंगापुर, बंगलादेश जस्ता ५५-५६ वटा देश त्यस्तो पनि छन् । अब कहीं फेरि छुट्टै-छुट्टै रेगुलेटरी बडी सर्भिस प्रोभाइडिङ बडी भएको पनि छ । यो आफ्नो-आफ्नो अभ्यासमा भर पर्ने कुरा हो । सिद्धान्त त यो विषयमा मेरो कुनै मतभेद छैन ।



**अन्य क्षेत्रमा माग बढी हुँदा मूल्य घट्छ, तर हवाई सेवामा माग बढी भयो भने भाडा बढ्छ, यस्तो किन ?**

आन्तरिक उडानमा चर्को भाडादर हुनुको मुख्य कारण नै हवाई इन्धन हो । नेपाल आयल निगमले हवाई इन्धनमा मात्रै ३५ देखि ४० प्रतिशतभन्दा बढी नाफा खाँदा हवाई भाडादर महङ्गो हुनपुग्यो । अर्को नेपाल एयरलाइन्सको आन्तरिक उडानमा न्यून प्रतिस्पर्धाका कारण उडान भाडादर महँगो भएको हो । नेपाल एयरलाइन्स सेवा प्रदायक निकाय हो, थोरै नाफा राखेर निगमले आन्तरिक उडानमा प्रतिस्पर्धा गर्न सके अहिले कायम भएको भन्दा आधा भाडा घट्छ । सरकारी वायुसेवा कम्पनीको न्यून सहभागिता छ, निजी वायुसेवा कम्पनीको मोनोपोली छ ।

**यात्रुहरु टर्मिनलमा घण्टौंसम्म भोकभोकै बस्नुपर्ने स्थितिको अन्त्य कहिले हुन्छ ?**

हिजोआज फ्लाइटहरु एकदम डिस्टर्ब छ । अहिले यो मौसमको कारणले गर्दाखेरि । अरु प्रविधिको कारणले गर्दाखेरि एयर ट्राफिक कन्जेसन भएको छैन ।

**अन्त्यमा, आइकाओले नेपाललाई आफ्नो सेफ्टी लिस्टको, कालो सूचीमा राखेको थियो, त्यो हट्यो तर इयुले अहिलेसम्म हटाएको छैन, किन ?**

उसले ७५ वटा रिकमेन्डेसनहरु गरेको छ । यो २०२३ सेप्टेम्बरमा अडिट गरेको हो । त्यो रिकमेन्डेसनहरु, फाइन्डिङहरु पुरा भएपछि थप कुरा हुन्छ भन्ने कुराभन्दा बाहेक अरु आधिकारिक कुरा उहाँहरूबाट आएको छैन । तर अहिले नेपाली आकाशमा बारम्बार दुर्घटना रोकिएको छ । जुन कारण देखाएर नेपाल ईयुको सेफ्टी लिष्टमा थियो । त्यो कारण नै नभएको अवस्थामा लिष्टमा राखिरहनुको अर्थ देखिँदैन । नेपाललाई सेफ्टी लिष्टमा राख्ने अब कुनै कारण छैन । म यति भन्छु, चाँडै यो प्रतिबन्ध हट्छ । म विश्वस्त र आशावादी छु ।

# सुनिलको..

पृष्ठ १ को बाँकी

बाबुआमाको चाहना छोरोले विदेशी केटीसंग विवाह नगरोस् भन्ने थियो। बाबुआमाको ईच्छाविपरित गएर उनी विद्रोह गर्न पनि सक्दैनथे। त्यसैले उनले बाबुआमाको चित्त दुखाएर विवाह नगर्ने तर जापानी युवतीसंगको सम्बन्धलाई पनि कायमै राख्ने निचोडमा पुगेका कारण उनीहरूबीचको प्रेमयात्रा करिव एकदशकसम्म चल्यो। तर एकदिन उनी जीवनको एउटा यस्तो मोडमा आईपुगे, कि त, छँदाखाँदाको नेपालको राम्रो बिजनेश छोडेर जापानी युवतीसंग जापान आउने या नेपालमै गरिरहेको व्यवसायलाई निरन्तरता दिने र जापानी युवतीलाई त्याग्ने। मान्छेको जिन्दगीका कतिपय मोड यस्ता आउँछन् कुन ठीक, कुन बेठीक छुट्याउन नसकी गरिएको गलत निर्णयका कारण कहिलेकाँही जीवनभरि पछुताउनुपर्ने




हुन्छ। त्यतिबेला उनलाई के लाग्यो भने नेपालमै बसेर त यति राम्रो बिजनेश गर्न सकिएको छ भने विदेशमा त झन विश्वब्यापीरूपमा बिजनेश बिस्तार गर्न सकिहालिन्छ नि भन्ने पोजिटीभ सोंच र आत्मविश्वासका साथ उनी थान्का बोकेर जापान आउँछन्। कुरो सन् १९९९ तिरको हो उनले जापानमा थान्का बेचेर राम्रै कमाई गर्दछन्। त्यतिबेला नै उनले कसैलाई थाहा नदिईकन आफ्नी प्रेमिकासंग जापानमै सुटुक्क विहे गरेका हुन्। महिनौसम्म पनि उनीहरूले बिहे भएको विषयलाई गुपचुपमै राखेको शाक्य बताउँछन्। सोही समयमा शाक्यले शिबुयामा नेपाली रेष्टुरेन्ट मण्डला सुरू गरेका थिए। मण्डला रेष्टुरेन्टबाट राम्रै कमाई हुन थालेपछि उनले क्रमशः अन्य रेष्टुरेन्टहरू बढाउदैं गएका हुन्।

असहाय, गरिब, निमुखा, एकल महिला, विधवा र दुख पाएका नेपालीहरूलाई जापानसम्म ल्याएर उनीहरूको भविष्य बनाईदिने इच्छाअनुसार उनले करिव ५५, ६० जनालाई जापान भित्र्याएको शाक्य बताउँछन। सामान्य मान्छेभन्दा पृथक स्वभाव भएका शाक्य बाहिरबाट हेर्दा जस्तो देखिन्छन् भित्र त्यस्तो छैनन् उनी अलि फरक छन्। उनी बिरामी हुँदा अस्पताल जाँदैनन्, डाक्टरी उपचारमा उनलाई पटक्कै विश्वास छैन। घरेलु र आयुर्वेदिक उपचार पद्धतिमा विश्वास राख्ने शाक्यका २ छोरा र १ छोरी गरी ३ सन्तान छन्। तिनैजना सन्तानको जन्म उनले हस्पिटलमा नभएर आफ्नो घरमा नै गराएका हुन्। धाइआमाको सहयोगमा आफ्ना तिनैजना सन्तानको जन्म आफ्नो घरमा नै त्यो पनि भिडियो लाइभ गरेर गराएको उनी बताउँछन्। उनको सिद्धान्त भनेको 'नो मेडिसिन, नो हस्पिटल नो डाक्टर' रहेको छ। अहिलेसम्म शाक्य परिवारका कुनै पनि सदस्यले हस्पिटलको ढोका टेकेका छैनन्। उनले आफ्नो घरमा निस्कने फोहरलाई घरेलु विधिबाट घरभित्रै नष्ट गर्दछन्, बिसर्जनका लागि कहिलै बाहिर फ्याँक्दैनन्। यो उनको अर्को विशेषता हो भने उनले ज्योतिषी विद्या पनि पढेका छन् उनीकहाँ कैयौ जापानीहरू आफ्नो भाग्यरेखा देखाउन आउने शाक्य बताउँछन्। यसैगरी उनले जादु (म्याजिक) विद्या पनि जानेका छन्। कुनै दिन उनले आफ्नी श्रीमतीलाई भनेका थिए रे -'केहीगरी म बिजनेशमा टाँट पल्टिएँ भने हात हेराएरै भए पनि महिनामा राम्रै कमाई गर्न सक्छु र परिवारलाई विचल्ली हुन दिने छैन।'

तीन दाजुभाइ मध्यका माहिलो छोरो शाक्यका १ दिदी र १ बहिनी छन्। शाक्य भन्छन् - 'जापानमा नेपालीले सिक्नैपर्ने पहिलो कुरो भनेको अरूको बारेमा चासो राख्न छोडेर आफ्नो बारेमा सोचौं, आफ्नै खुट्टामा बलियोसंग उभिन सक्ने गरी आफ्नो करियर र प्रोफेशनलाई निखारौं अनि तिखारौं। आफ्नो कर्त्तब्य पूरा गरौं, समयको पालना गरौ र वचनको पक्का बनौ।'

'व्यवसायमा सफल हुनु छ भने परिवारको सपोर्ट लिन जान्नुपर्छ, व्यवसायमा अगाडि बढ्न परिवारका सदस्यको भूमिका महत्वपूर्ण हुन्छ। उनीहरूलाई पनि संगसंगै लिएर हिड्यौं भने व्यवसायमा ठूलो आडभरोसा मिल्छ। परिवारको सपोर्ट पाउन उनीहरूलाई खुशी राख्न जान्नुपर्छ।' - शाक्यले आफ्नो अनुभव सुनाउँछन्।

जापानको नेपाली समुदायका सम्बन्धमा पनि शाक्यको मत अलि भिन्न छ। उनी भन्छन्- 'जापानमा सयौं संघसंस्थाहरू छन्, उनीहरू मध्य धेरैजसोको समय अनुत्पादनशील क्षेत्रमा खेर गइरहेको छ, प्रडक्ट छैन, रिजल्ट छैन, हामी भावनामा बग्छौं, आफ्नो परिवार वा व्यवसायलाई दिने समय कटाएर सामाजिक कार्य भन्दै खर्चिरहेका हुन्छौं तर परिणाम निकाल्न सकिरहेका हुँदैनौं।'

शाक्यको म्युजिक भिडियोमा पनि उत्तिकै रूची छ। गत वर्ष उनले एउटा नेवारी गीतको म्युजिक भिडियो बजारमा ल्याएका थिए। उनी सानो छँदा उनकी आमाले सँधै गुनगुनाउने नेवारी गीत 'मछालेगु बानि' चर्चित गायिका निशा देसारले गाएकी थिईन् भने अर्को गीत 'सम्हाःया संया झा' उनकी छोरीले गाउनुकासाथै अभिनय पनि उनैले गरेकीथिईन्। 'नेवारी गीत गाएपछि छोरी अहिले नेवारी भाषा बोल्न सक्ने भएकीछिन् भने नेपाललाई औधी मन पराउन थालेकीछिन्' - शाक्यले भने - 'अहिले उनी हरेक वर्ष नेपाल गएर सडक बालबालिकाको सहयोग अभियानमा स्वयमसेवक भएर काम गरिरहेकी छिन्। अर्को वर्ष दोस्रो नेवारी गीत गाउन र म्युजिक भिडियो बनाउन कलेजका ३ जना साथीहरू लिएर उनी नेपाल जाने भएकीछिन्।' यसरी म्युजिक भिडियोमार्फत नेवारी कला र




सँस्कृतिलाई देशविदेशमा प्रचारप्रसार गर्ने र यसबाट भएको आम्दानीबाट नेपालमा भएका दीन-दुखीहरूलाई सहयोग गर्ने शाक्यको योजना छ। निकट भविष्यमा पनि म्युजिक भिडियो मार्फत नेपाली कला, सँस्कृतिलाई विश्वमाझ फैलाउने, नेपालमा रोजगारीका अवसर सिर्जना गर्ने र विदेशीहरूको नेपालमोह बढाउने जस्ता योजना रहेको शाक्य बताउँछन्। संभवत अर्को वर्षको सुरूमै यो ड्रिम प्रोजेक्टको काम सुरू हुने शाक्य बताउँछन्। जसअनुसार एकजना अन्धो ब्यक्तिलाई गाउन लगाएर म्युजिक भिडियो बनाउने बारेमा कुरोकानी भईरहेको शाक्यले जानकारी दिए।

'जीवन भनेको समस्या नै समस्या भएको ठाउँमा समय बिताउनु हो, जस्ले समस्यालाई आत्मसाथ गरेर मिलाएर लैजान सक्छ उसैको जिन्दगी नै ह्याप्पी लाइफ हो।' - शाक्य भन्छन् - कुनै पनि व्यवसायमा सफल हुनुछ भने आफुले अंगालेको व्यवसायसंग सम्बन्धित सीप प्रशिक्षण लिनुका साथै त्यसको अनुमतिपत्र लिनुपर्दछ।'

जीवनको उत्तरार्द्धमा भने शाक्यको रोजाई नेपाल नै हुने उनले बताए। उनी भन्छन् 'सकुञ्जेल काम गर्नुपर्छ, काम गर्दा शरिरमा स्फुर्ती बढ्छ भने आराम गर्दा झन शरीर शिथिल बन्छ। त्यसैले काठमाडौं भ्यालीबाट नजिकै कतै ३०, ३५ वटा घर बनाउन पुग्ने अलि फराकिलो जग्गा लिएर 'ह्याप्पी भिलेज' बनाउने योजना छ। जहाँ बुद्धको स्तुपा, टुँडाल र कलात्मकता झल्किने काठका झ्याल ढोका हुनेछन् भने भिलेजको मुल प्रवेशद्वारबाट भित्र छिर्ने बित्तिक्कै दुबै साइडमा साकुराका बोटहरू लहरै हुने छन्। जहाँ एउटै मापडण्डका एउटै खालका घरहरू बनाईने छन्। अनि यो कोलोनीको नाम 'ह्याप्पी भिलेज' हुने छ।

शाक्यको हाल जापानमा फुड बिजनेश, रियल स्टेट, इन्भेष्टमेन्ट कम्पनी र युट्युव च्यानलमा लगानी छ। भविष्यमा उनले जतिसक्दो धेरैभन्दा धेरै नेपालीलाई रोजगारी सिर्जना हुने खालको काम गर्ने सपना बुनेका छन्। उनले आफ्ना छोराछोरीले पनि जापानको धेरैधन्दा धेरै व्यवसायिक अनुमति लिन सकून् र ठूलो व्यापारी बनेर नेपालमा लगानी भित्र्याएर रोजगारीका अवसर सिर्जना गर्न सकून् भन्ने चाहना रहेको बताए। उनले आफ्ना छोराछोरीहरूलाई आफुबाट धेरै टाढा नपठाउने र २५ वर्ष पुग्नु अगावै बिहे गराएर धेरै भन्दा धेरै नातिनतिनासंग रमाउने ईच्छा रहेको पनि उनले खुलासा गरे। आफ्ना छोराछोरीलाई इमान्दार र सफल ब्यक्ति बन्न सँधैं प्रोत्साहित गर्ने गरेको र खराब मान्छेको संगत जीवनमा कहिलै नगर्न आफ्नो सुझाव रहने गरेको शाक्य बताउँछन्।

जिन्दगीलाई पछाडि फर्केर हेर्दा शाक्य भन्छन् - 'बाबुआमाको इच्छा विपरित जान नसकेर आमाको देहान्तपछि मात्र बिहे गर्नुपरेकोले श्रीमतीलाई लामो समय कुराउनुपरेको, त्यो बीचमा एकले अर्कोलाई अझ राम्रोसंग चिन्न र बुझ्न पाएकै कारण हाम्रो प्रेम सफल हुन सक्यो। मान्छेको जिन्दगीमा आईपर्ने सबैभन्दा दुखको क्षण र सबैभन्दा खुशीको क्षण नजिकबाट देखेको, बुझेको र जानेको मान्छेप्रति ठूलो आडभरोसा र रेस्पेक्ट हुँदोरहेछ। त्यसैले म त भन्छु 'रेस्पेक्ट इज पेट्रोल अफ लभ।'

(प्रस्तोता तिलक मल्ल, कुराकानीमा आधारित)




*Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)*
*www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka*